# आकासै माथि नौलाखे तारा म गन्न सक्दिन

आकासै माथि नौलाखे तारा म गन्न सक्दिन

मायालु बरिलै लै लै बरिलै

सोल्टिनी फकाइदेऊ लै लै बरिलै

पानी है पर्‍यो  लौ रिमीझिमी असिना छप्परमा

मायालु बरिलै लै लै बरिलै

सोल्टिनी फकाइदेऊ लै लै बरिलै

भाबी र ज्यानले के लेखिदियो यो मेरो कर्ममा

मायालु बरिलै लै लै बरिलै

सोल्टिनी फकाइदेऊ लै लै बरिल

क्षतीको बेला सबेको हेला के गर्नु रुपैले

मायालु बरिलै लै लै बरिलै

सोल्टिनी फकाइदेऊ लै लै बरिलै

कहाँको तिमी कहाँको हामी भेट भयो जुगैले

मायालु बरिलै लै लै बरिलै

सोल्टिनी फकाइदेऊ लै लै बरिलै

आकासै माथि नौलाखे तारा म गन्न सक्दिन

मायालु बरिलै लै लै बरिलै

सोल्टिनी फकाइदेऊ लै लै बरिलै

सङ्कलनः प्रेम देव गिरि

© Music Museum of Nepal

# अल्लि वर लै सर न माया

(अल्लि वर लै सर न माया

रुभ्फाउला लै बाछिटे पानीले )२

माझीदाइले  लै त्यो नाउ चलायो

सुनमाया लै कर्णाली तिरैमा

साइ तिम्लाई लै फूलेको थुङ्गा

सुनमाया लै लाइदिऊँ कि शिरैमा

(बनमा लै पसायो बनकेरा

बसौँ रसमा लै मौरीभ्फैँ घन्केर) २

बोट रह्यो लै त्यो बगैचामा

सुनमाया लै फूल टिपी शिरैमा

कोही दिनको लै झल्काले साइलाई

सुनमाया लै तान्ला कि मतिर

(अल्लि वर लै सर न माया

हाँस्ने खेल्ने लै दुई दिनको रामछायाँ) २

(हाँस्ने खेल्ने लै दुई दिनको रामछायाँ) २

स्वरः कुमार बस्नेत र साथीहरु

सङ्कलनः प्रेम देव गिरि

# अल्की लेक त्यो तिरिसैमा

`अल्की लेक त्यो तिरिसैमा

 लै माया घाँस काटौँ साजको

काँ पाउला एक झल्को दर्शन

लै माया निष्ठुरी बाजैको

(माया तिमी घामजस्तो उदाउने

© Music Museum of Nepal

दु:खी म जूनजस्तो अस्ताउने) ३

उँदो  जाने त्यो जुमलिया

 लै माया उँभो आउने नुने

एकै सूर्य यो घाम ताप्दछौँ

लै माया भेट कैल्यै नहूने

(नभेटे काँ देखौँ हुने

भेट भए बोलचालै नहुने) ३

चारकुने पोखरीमाथि भैँसी बस्यो आल

भैँसी उठी चर्न गयो हुन्छ एकै ताल

कि त ठूलो समुन्द्र सागर कि त मायाजाल

भेट हुने आस गर्दागर्दै गयो चालिस साल

(मायालाई सम्भँदा खेरी

आसु भेरी मन हुन्छ कर्णाली) ३

स्वर: लोक बहादुर क्षत्री

सङ्कलन: प्रेम देव गिरि

© Music Museum of Nepal

---

## अल्लारे नानी केसी

(अल्लारे नानी केसी

मया लाउनी तिम्रै बेसी

नहुनी रैछौ र) २

(बढिमा आयो तिशुर्ली गङ्गा

देखायो हो माइली बगर) २

(संसार हेरी माइली मन बुझाउ प्यारी

रुने काम नगर) २

(अल्लारे नानी केस्मा

बिरानो देशमा

मै परेँ रनभुल) २

(हरियो भन्नु यो बेलपत्र

पहँलो हो माइली सुरत) २

(जुगै र भरी माइली हुदैन भने

के लाउनु पिरती) २

(अल्लारे नानी केसी

मया लाउनी तिम्रै बेसी

नहुनी रैछौ र) २

(सात घुम्तीबाट रेल घुमी आयो

घुम्तीमा हो माइली लेट भयो) २

(कहाको दु:खीमाइली कहाँको सुखी

बाटैमा भेट भयो) २

(अल्लारे नानी केस्मा

बिरानो देशमा

मै परेँ रनभुल) ४

(अल्लारे नानी केसी

मया लाउनी तिम्रै बेसी

नहुनी रैछौ र) २

स्वर, सङ्कलनः झलकमान गन्धर्व

© Music Museum of Nepal